सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०८१६

# टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर कैलाली

सुदूरपश्चिम प्रदेश

पत्र संख्या :-०८१/०८२

चलानी नं. [illegible]

मिति :- २०८१/१२/०६

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

विषयः- उद्यमीहरुलाई सम्मान कार्यक्रम सम्बन्धी सूचना ।

उपर्युक्त विषय सम्बन्धमा सुदुरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको पत्र संख्या २०८१/०८२ च.न.१३४६ अनुसार वैदेशिक रोजगारीबाट फर्किएर उद्यम गरिरहेका उद्यमीहरुलाई सम्मान कार्यक्रम रहेकोले वैदेशिक रोजगारीबाट फर्की स्वदेशमा उद्यम गरि उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुले सूचना प्रकाशित मितिले सात (७) दिन भित्र तहाँ मन्त्रालयले मागेको आवश्यक कागजात सहित रोजगार सेवा केन्द्रमा आवेदन दिन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

..........................

नरेश अवस्थी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Website: mosd.sudurpashchim.gov.np
०९१-५२६५०४
०९१-५२६०५८
सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली

च. नं १३४६ प.सं. ०८१/८२ मितिः- २०८१।१२।०५

श्री स्थानीय तह सबै
सुदुरपश्चिम प्रदेश, नेपाल ।

बिषयः सहयोग गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उद्यमीहरुलाई सम्मान गर्ने कार्यक्रमको लागि मिति २०८०/१२/०५ गतेको प्रकाशित सूचना र कार्यविधि थान १/१यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ पालिकाबाट सुचना प्रकाशन गरीदिन हुन अनुरोध छ । साथै कार्य विधि २०८१ को दफा ९ वमोजिमको समिति गठन गरी तहाँ पालिकाबाट एक जना उद्यमीलाई २०८१/१२/१८ गते भित्र सिफारिस गरी पठाई दिन हुन आदेशानुसार अनुरोध छ ।

कोमल प्रसाद ओझा
वरिष्ठ शाखा अधिकृत

Email: mosdkailali07@gmail.com

CamScanner

Website: mosd.sudurpashchim.gov.np
०९१-५२६५०४
०९१-५२६०५८

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

धनगढी, कैलाली

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२४

पुनः सूचना प्रकाशित मितिः २०८१/१२/०५

## पुनः सूचना प्रकाशन सम्बन्धमा

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरूको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने सम्मान कार्यक्रमका लागि देहाय बमोजिमको योग्यता पुगेका यस प्रदेशका नागरिकले "वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१" को अनुसूची २ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले सात (सात) दिन (मिति २०८१/१२/११ गते) भित्र उद्यम सञ्चालन गरिरहेको स्थानीय तहमा प्रस्ताव दर्ता गराउन हुन अनुरोध गरिन्छ। आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट mosd.sudurpashchim.gov.np बाट Download गरी हेर्न सकिनेछ र थप जानकारीका लागि फोन नं. ९८४८७७८५५७ (जनक राज भट्ट) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यताः- | पेश गर्नुपर्ने कागजातहरुः- |
|---|---|
| (क) प्रदेशको स्थायी बासिन्दा भएको हुनुपर्ने,<br>(ख) वैदेशिक रोजगारबाट फर्की प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,<br>(ग) उद्यमी स्वयम् आफैं संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,<br>(घ) विगत दुई वर्षदेखि निरन्तर रुपमा श्रम तथा उद्यम गरिरहेको,<br>(ङ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर तिरेको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको, र<br>(च) वार्षिक न्यूनतम पाँचलाख रुपैयासम्मको कारोबार गरेको । | (क) अनुसूची-२ बमोजिमको प्रस्ताव,<br>(ख) नागरिकताको प्रतिलिपि,<br>(ग) वैदेशिक रोजगारबाट फर्किएको व्यहोरा खुल्ने कागजात (भिषा र पासपोर्ट)<br>(घ) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(च) PAN/VAT दर्ताको प्रतिलिपि,<br>(छ) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,<br>(ज) विशेष प्राथमिकता समूह खुल्ने निस्सा र<br>(झ) दुई प्रति पासपोर्ट साइजको फोटो र चेकको प्रतिलिपि । |

Email: mosdkailali07@gmail.com

CamScanner